संघीय संसद

राष्ट्रिय सभा

तेह्रौं अधिवेशन

बैठक-५

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ३:५९ बजे*

*बैठक अन्त्य : ४:०४ बजे*

२०७९ माघ १३, शुक्रबार

---

संघीय संसद, राष्ट्रिय सभाको **तेह्रौं अधिवेशनको पाँचौं बैठक** सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा अपराह्न ३:५९ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८ बमोजिम राष्ट्रिय सभाको उपाध्यक्षको निर्वाचनका लागि मिति २०७९ माघ २३ गते सोमबारको दिन बिहान ११ बजेर ५९ मिनेटको समय तोकेको जानकारी गराउनुहुँदै उपाध्यक्षको निर्वाचनसम्बन्धी कार्यक्रमको सूचना प्रकाशन गर्न संघीय संसदको महासचिव डा. भरतराज गौतमलाई निर्देशन गर्नुभयो ।

त्यसपछि सम्माननीय अध्यक्षले माननीय शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री शिशिर खनाललाई "नेपाल विश्वविद्यालय विधेयक, २०७९ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउनुभएपछि माननीय मन्त्रीले उक्त प्रस्ताव सभा समक्ष पेश गर्नुभयो ।

तत्पश्चात् सम्माननीय अध्यक्षले "नेपाल विश्वविद्यालय विधेयक, २०७९ लाई दफावार छलफलका लागि विधायन व्यवस्थापन समितिमा पठाइयोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दनुहुँदा उक्त प्रस्ताव सभाबाट सर्वसम्मतिले स्वीकृत भयो ।

तदनन्तर सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०७९ साल माघ २३ गते शुक्रबार बिहान ११:५९ बजे** बस्ने गरी यो बैठक स्थगित भएको घोषणा गर्नुभयो ।

(डा. भरतराज गौतम)

संघीय संसदको महासचिव